# वित्तीय संघीयतामा निजी क्षेत्रको सरोकार

विपेन्द्र कार्की
आर्थिक पत्रकार

नेपालमा लामो राजनीतिक आन्दोलनको उपलब्धिस्वरूप शासन व्यवस्था फेरिएको छ । विगतको एकात्मक शासन प्रणालीले मुलुकको समानुपातिक र समावेशी आर्थिक सामाजिक विकास भएन भनेर नै संघीय गणतन्त्रात्मक शासन प्रणाली लागू गरिएको हो । संविधानसभाबाटै नेपालको नयाँ संविधान निर्माणपछि मुलुकभित्र राजनीतिक समस्या समाप्त भइ आर्थिक विकासको चरणमा प्रवेश गरेको सबै राजनीतिक दलहरूले स्वीकार गरेकै हो । फलतः संविधान कार्यान्वयनका लागि भएको तीनवटै तहको निर्वाचनले संघ, प्रदेश र स्थानीय तीनवटै तहमा नयाँ सरकार गठन गरेको छ। इतिहासकै अभूतपूर्व संयोग यस्तो छ संघ र प्रदेशमध्ये प्रदेश २ बाहेक सबैतिर एउटै पार्टीको सरकार छ र स्थानीय तहमा पनि अधिकांश सोही पार्टीको सरकार रहेको अवस्था छ। यसैले मुलुकको समृद्धिका लागि ऐतिहासिक अवसर सिर्जना भएको छ।

### समृद्धिको पूर्वशर्त वित्तीय संघीयता

सामान्यतया कर लगाउने, खर्च गर्ने र नियमन गर्ने अधिकारलाई सरकारका तीन तहबीच बाँडफाँट गर्ने कार्यलाई नै वित्तीय संघीयता भनिन्छ। नेपालको सन्दर्भमा कुरा गर्ने हो भने संघ, प्रदेश र स्थानीय तहबीच वित्तीय शक्तिको बाँडफाँड र समायोजनलाई वित्तीय संघीयता भन्ने गरिन्छ । यसरी संघ, प्रदेश र स्थानीय तहबीच वित्तीय शक्ति र जिम्मेवारीको बाँडफाँट गर्ने कार्य निकै पेचिलो र चुनौतीपूर्ण पनि छ किनकी हामीले विगतदेखि नै केन्द्रबाट बजेट पाउने र सोही बजेट केन्द्रकै नीति र आदेशअनुसार खर्च गर्ने अभ्यास गरिरहेका थियौं ।

तर अब अवस्था त्यस्तो रहेन । विगतमा जस्तो अरूका अगाडि हात फैलाएर बजेट माग्नुपर्ने अवस्थाको अन्त्य नै वित्तीय संघीयता हो र यसमा वित्तीय शक्ति महत्वपूर्ण हुन्छ। वित्तीय शक्ति भन्नाले कामको तय गर्ने, कामको लागि आवश्यक स्रोत जुटाउने तथा काम फत्ते गर्न खर्च गर्ने एवं यससम्बन्धी कामको प्रशासन तथा नियमन आफैं गर्ने अधिकार सम्बन्धित सरकारहरूलाई छ। वित्तीय संघीयताको सौंदर्य भनेकै यही हो। त्यसो त राज्यको काम बजारका असफलता सच्याउने, समतामूलक वितरण गर्ने, वित्तीय र मौद्रिक नितको कुशल प्रयोग गरी मूल्य स्थिरता कायम गर्ने पनि हो। एकातर्फ राज्य एक कल्याणकारी संस्था हो जसले जहिले पनि स्रोत साधनको महत्तम प्रयोग गर्दछ यसलाई जनताको अधिकतम हितमा परिचालन गर्दछ भन्ने मान्यता राखिन्छ भने अर्कोतर्फ राज्य जनताको सार्वजनिक हितको संरक्षक पनि हो भन्छि । यसैले वित्तीय संघीयताको आधारभूत मान्यताअनुसार जुन तहको सरकारबाट काम गर्दा बढी प्रभावकारी हुन्छ सोहो तहको सरकारलाइ जिम्मेवारी प्रदान गर्नु पर्दछ। अर्थात् तल्ला तहका सरकारले गर्नसक्ने काम पर्याप्त कारणबिना माथिल्लो तहका सरकारबाट गरिनु हुँदैन ।

कार्य जिम्मेवारीको बाँडफाँड, राजस्व अधिकार, वित्तीय हस्तान्तरण, सार्वजनिक ऋणजस्ता वित्तीय संघीयताका आधारस्तम्भहरूबारे सबै तहका सरकारसँगै नागरिक पनि सचेत र सजग हुनुपर्छ। संघीय सरकारका मन्त्री र कर्मचारीहरूमा पुरानै मानसिकता हावी रहेकाले उनीहरूले माइक्रो म्यानेजमेन्ट गर्न खोजिरहेका हुन्छन्। प्रदेश र स्थानीय सरकारका सानासाना काममा पनि संघीय सरकारको सुषुप्त स्वार्थ (हिडन इन्ट्रेष्ट) लुकेको हुन्छ किनकी विगतमा डाडुपन्यु आफ्नै हातमा रहे पनि अब अवस्था फेरिएको छ। यसैले संविधानमै स्पष्ट अधिकार लेखिसकिएको र यसलाई प्रस्ट्याउने विभिन्न कानुनसमेत बनिसकेकाले अन्योलमा रहनुपर्ने अवस्था नै छैन । यस्तै अन्योललाई चिर्न तथा विवाद सिर्जना भए तत्काल समाधान गर्न नै संविधानमा अधिकारसम्पन्न निकायको परिकल्पना गरिएको छ र ढिलै भए पनि उक्त संवैधानिक निकाय राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग गठनसमेत भइसकेको छ।

### संघीयता भर्सेस कर ?

संघीयतामा करसम्बन्धी अन्योल धेरैलाई छ। तीन तहका सरकार गठनसँगै पाइलापाइलामा कर तिर्नुपर्छ कि भन्ने चिन्ता पहिलेदेखि नै निजी क्षेत्रले गर्दै आएको थियो । हुन पनि संघीय सरकारले नै एकपछि अर्को करको भार थोपरिइरहेका बेला स्थानीय र

प्रदेश सरकारले थप्ने सामान्य करका कारणले पनि यस्तो त्रास हुनु स्वाभाविक थियो । वित्तीय संघीयता कार्यान्वयनका दुई वर्षले पनि यसको पुष्टि गरिसकेको छ कि नेपालमा व्यावसायिक लागत संघीयतापछि अरू बढेको छ ।

संविधानको अनुसूचिमा रहेका एकल अधिकारका करहरूमध्ये संघीय सरकारले भन्सार महसूल, मूल्य अभिवृद्धि कर, व्यक्तिगत आयकर, संस्थागत आयकर, पारिश्रमिक कर, राहदानी शुल्क र भिसा शुल्क रहेका छन् भने प्रदेश सरकारको एकल अधिकारमा कृषि आयमा करमात्र रहेको छ । यस्तै, स्थानीय सरकारले सम्पत्ति कर, घरबहाल कर, व्यवसाय कर र भूमि कर अर्थात मालपोत एक्लैले दररेट निर्धारण गरेर संकलन गर्न सक्छन् ।

यसैगरी, प्रदेश र स्थानीय तहको साझा अधिकार अन्तर्गत घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारीसाधन कर, मनोरञ्जन कर र विज्ञापन कर रहेका छन् भने संघ, प्रदेश र स्थानीय तीनै तहले आ-आफ्नो किसिमले लगाउनसक्ने शीर्षकअन्तर्गत पर्यटन दस्तुर, सेवा शुल्क र दण्ड जरिवाना रहेका छन् । यसरी अधिकार र राजस्व स्रोतका दृष्टिले हेर्दा संघीय सरकारपछि स्थानीय सरकार बढी शक्तिशाली र साधनस्रोत सम्पन्न देखिन्छन् भने प्रदेश तहको त्यति औचित्य देखिँदैन । यद्यपि, विकास निर्माणमा भने संघीय सरकारले असीमित दायित्व बहन गर्न नसक्ने भएकाले प्रदेश तहकै महत्वपूर्ण जिम्मेवारी रहन्छ ।

**ऐनका व्यवस्था**

वित्तीय संघीयताको अर्को मेरूदण्ड हो अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ । यस ऐन वित्तीय संघीयता पूर्ण रूपमा लागू नहुँदै तीन तहका सरकारबीच देखिएको अन्योल अन्त्यका लागि ल्याइएको हो । अथवा यसलाई एकात्मक राज्य र संघीय राज्यबीचको पुलका रूपमा पनि हेर्न सकिन्छ र कतिपय संघीयताविदहरूले यो ऐन वित्तीय संघीयताको मर्मअनुसार नरहेको बताइरहे पनि यसलाई संघीयताको प्रस्थानविन्दु मान्न सकिनेमा भने कसैको बिमति रहँदैन । यसैले यो ऐनको मर्म पनि स्थानीय तहका जनप्रतिनिधि, निजी क्षेत्र तथा अन्य सरोकारवालाले बुझ्नु उत्तिकै आवश्यक छ ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐनको दफा ३ ले तीनै तहका सरकारले आ-आफ्नो कानुनबमोजिम आ-आफ्ना अधिकार क्षेत्रभित्रका विषयमा कर र गैरकर लगाउन र उठाउन सक्ने एवम् दण्ड जरिवाना उठाउन स्वतन्त्र रहेको स्पष्ट पारेको छ । सोही दफामा भनिएको छ- प्रदेश र स्थानीय तहले कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पुँजी तथा श्रम बजार, छिमेकी प्रदेश र स्थानीय तहलाई प्रतिकूल नहुने गरी लगाउनुपर्नेछ ।

यसैगरी नेपाल सरकारले संघीय कानुनबमोजिम रोयल्टी लगाउन र उठाउनसक्ने उल्लेख गरिएको ऐनको दफा ४ मा भने तीनै तहका सरकारले गैर करको दर निर्धारण गर्दा वस्तु वा सेवाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मान्नुपर्ने उल्लेख छ । अर्थात ऐनको यस्तो व्यवस्था अनुसार अधिकारको सम्भावित दुरूपयोगलाई नियमन गर्न खोजिएको देखिन्छ ।

गैरकर अर्थात दण्ड जरिवानाका नाउँमा स्थानीय सरकारले असूली धन्धा चलाइरहेको टिप्पणी पनि गरिन्छ । तर, ऐनमा भएको व्यवस्था एकपटक हेर्ने हो भने संघीय सरकारले पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर, जुवार चिठ्ठा तथा क्यासिनोमा गैरकर, प्राकृतिक स्रोतमा रोयल्टीमा दण्ड जरिवाना लगाउन सक्छ । प्रदेश तहले सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, दण्ड जरिवाना लगाउन सक्छ भने स्थानीय तहले् सेवा शुल्क दस्तुर, पर्यटन शुल्कमा दण्ड जरिवाना लगाउन सक्छ ।

सवारीसाधन कर सम्बन्धी नीति बनाउने र कर तोक्ने तथा संकलन गर्ने अधिकार प्रदेश सरकारमा छ भने घरजग्गा रजिष्ट्रेसन करसम्बन्धी नीति प्रदेश सरकारले बनाए पनि संकलन भने स्थानीय तहले गर्नुपर्ने व्यवस्था छ । यस्तै, मनोरञ्जन करको नीति बनाउने र दर तोक्ने काम प्रदेश सरकारले गर्नेछ भने संकलन स्थानीय तहले तथा विज्ञापन करको नीति बनाउनेदेखि दर तोक्ने र संकलन गर्ने सबै अधिकार स्थानीय तहलाई नै छ ।

**निजी क्षेत्रको सरोकार**

संघीयताले विकास निर्माणको काम विकेन्द्रितमात्रै गरेको छैन कि तल्लो तहसम्म व्यवसाय र रोजगारीको अवसर सिर्जना गरेको छ । यसैले संघीयताप्रति निजी क्षेत्र सधैँ सकारात्मक हुनुपर्छ र वित्तीय संघीयताको मूल मर्मअनुसार काम भइरहेको छ कि छैन भन्नेमा चने चनाखो हुनुपर्छ । विगतमा डेढ दशकसम्म स्थानीय तह जनप्रतिनिधिविहीन हुँदा निजी क्षेत्रका संघ संगठनहरूले नै त्यसको रिक्तता पूरा गरेकाले जनविश्वास निजी क्षेत्रलाई नै बढी छ । यसैले सरकारले अघि सारेको समृद्ध नेपाल सुखी नेपालीको अवधारणा पूरा गर्न तथा मुलुकको समानुपाति, समावेशी र समन्यायिक विकासका लागि पनि निजी क्षेत्रको अहं भूमिका छ ।